परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ५८ पष्ठ ४ २०८२ पुष ४ गते, शुक्रबार 19 December, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसमा

# वर्दिबासमा दिप प्रज्वलन कार्यक्रम सम्पन्न

टक नेपाल

महोत्तरीको वर्दिबास नगरपालिकाले अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस-२०२५ को अवसरमा दिप प्रज्वलन कार्यक्रम आयोजना गरेको छ। सुरक्षित आप्रवासन, श्रमिकको हकहित र अधिकारप्रति जनचेतना फैलाउने उद्देश्यसहित कार्यक्रम सम्पन्न गरिएको हो।

वि.सं. २०८२ पुस ३ गते (सन् २०२५ डिसेम्बर १८) आयोजित कार्यक्रममा मधेस प्रदेश सभा सदस्य माननीय शारदा देवी थापा प्रमुख अतिथि रहनु भएको थियो। कार्यक्रमको अध्यक्षता वर्दिबास नगरपालिकाका नगर प्रवक्ता विजय महतो ले गर्नु भएको थियो भने विशिष्ट अतिथिका रूपमा नगरपालिकाका कार्यकारी अधिकृत राममणि अधिकारीको उपस्थिति रहेको थियो।




कार्यक्रममा बोल्दै प्रमुख अतिथि थापाले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई सुरक्षित, मर्यादित र सीपयुक्त रोजगारी सुनिश्चित गर्न राज्य र स्थानीय तहको भूमिका महत्वपूर्ण हुने बताउनु भयो। उहाँले सही सूचना, सीप र सचेतना नै सुरक्षित आप्रवासनको आधार भएको उल्लेख गर्नुभयो।

"सुरक्षित आप्रवासनको आधार, सूचना र सीप सहितको रोजगार" भन्ने मूल नारासहित सम्पन्न कार्यक्रममा दिप प्रज्वलनमार्फत वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका श्रमिकप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो। साथै श्रमिकलाई दलालबाट जोगिन, वैधानिक प्रक्रियाबाट मात्र वैदेशिक रोजगारीमा जान आग्रह गरिएको थियो।

कार्यक्रमको आयोजना वर्दिबास नगरपालिकाले गरेको हो। नगरपालिकाले आप्रवासी श्रमिकको सुरक्षा, अधिकार र सचेतनाका लागि यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने जनाएको छ।

## बर्दिवास नगरपालिकामा

# मुख्यमन्त्री कृष्णप्रसाद यादवको भव्य स्वागत



टक नेपाल

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई बिहीबार बर्दिवास नगरपालिकामा भव्य रूपमा स्वागत गरिएको छ। बर्दिवास नगरपालिकाको आयोजनामा आयोजित विशेष स्वागत कार्यक्रममार्फत मुख्यमन्त्री यादवलाई नगरपालिकामा स्वागत गरिएको हो।

कार्यक्रममा नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीले मुख्यमन्त्री यादवलाई फूलमाला र सम्मानसहित स्वागत गर्दै बर्दिवास नगरपालिकाको तर्फबाट मायाको चिनो प्रदान गरेका थिए। कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि, कर्मचारी, समाजसेवी तथा स्थानीय नागरिकहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

स्वागत कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री यादवले स्थानीय तह र प्रदेश सरकारबीचको सहकार्यबाट मात्र विकास र समृद्धिको लक्ष्य हासिल गर्न सकिने बताए। उनले शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा आर्थिक विकासका क्षेत्रमा बर्दिवास नगरपालिकाले गरेका प्रयासहरूको प्रशंसा गर्दै प्रदेश सरकारबाट आवश्यक सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गरे।


त्यस अवसरमा नगर प्रमुख क्षेत्रीले बर्दिवास नगरपालिकाका प्राथमिकता, चालु विकास योजनाहरू तथा भविष्यका आवश्यकताबारे मुख्यमन्त्रीलाई जानकारी गराउँदै प्रदेश सरकारको सहयोग अपेक्षित रहेको उल्लेख गरे।

स्वागत कार्यक्रमपछि मुख्यमन्त्री यादव बर्दिवास नगरपालिका वडा नम्बर-६ स्थित किसाननगरमा ट्रासोल इनर्जीले आयोजना गरेको भूमि पूजन कार्यक्रममा सहभागी भएका थिए।

# सुन-चाँदीको भाउ बढ्यो

टक नेपाल

बिहीबार नेपाली बजारमा सुन-चाँदीको मूल्य बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बिहीबार सुन प्रतितोला दुई लाख ६० हजार चार सय रूपैयाँमा किनबेच भइरहेको छ। यो मूल्य अघिल्लो दिनको तुलनामा प्रतितोला सात सय रूपैयाँ बढेको हो। बुधबार सुन प्रतितोला दुई लाख ५९ हजार सात सय रूपैयाँमा किनबेच भएको थियो। यस्तै, बिहीबार चाँदीको मूल्य हालसम्मकै उच्च विन्दुमा पुगेको छ। बुधबार तोलामा चार हजार ५५ रूपैयाँमा कारोबार भएको चाँदी बिहीबार चार हजार ८० रूपैयाँमा कारोबार भइरहेको छ। अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस ४ हजार तीन सय ३३ अमेरिकी डलरमा कारोबार भइरहेको छ।



अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२२५५,९८१२०१८०१०



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### भुक्तमान खेपिरहेका जेन-जी घाइते

कुनै पनि आन्दोलनपछि गम्भीर तथा मध्यम घाइतेले अधिक कष्टकर दैनिकी बिताउनुपरेको पाइन्छ। गोली वा अन्य कारणले शरीरमा क्षति पुग्नु, त्यसले मानसिक आघात पनि सिर्जना गर्नु, स्वयं वा परिवारका सदस्यको दैनिकी बिथोलिनु, आर्थिक बोझ थपिनु तर नियमित आम्दानीका शृंखला तोडिनु जस्ता कारणले घाइतेहरू गहिरो पीडामा हुन्छन्। त्यसलाई कम गर्ने सरकार तथा सरोकारवाला संस्थाहरूले नै हो। तर घाइतेलाई लक्षित गरिएका सरकारका निर्णय र नीतिहरू प्रभावकारी रूपमा सम्प्रेषण नहुने, कार्यान्वयनमा जटिलता आउने, त्यसलाई सुल्झाउने तत्परता नहुने र व्यक्तिपिच्छेका समस्या पनि विशिष्ट हुने हुनाले घाइतेले समस्या भोगिरहेका हुन्छन्। हरेकजसो आन्दोलनपछिको परिदृश्य जेन-जी आन्दोलनपछि पनि दोहोरिएको छ। घाइतेहरू पूर्ण उपचार नै नपाइने हो कि भन्ने चिन्तामा छन्। त्यसैले सरकारले आफ्ना निर्णयलाई थप ठोस र व्यावहारिक बनाउँदै त्यसको कार्यान्वयनको सुनिश्चितता गर्नुपर्छ। साथै, निर्णय कार्यान्वयनका संयन्त्रहरूलाई चुस्त-दुरुस्त बनाउनुपर्छ। जेन-जी आन्दोलनमा घाइते भएकाहरूले उपचारका क्रममा केही साझा समस्या भोगिरहेका छन्। पहिलो, डिस्चार्ज भएपछि पनि नियमित रूपमा गर्नुपर्ने फलोअपका लागि अस्पतालबाट सहजीकरण भएको छैन। उनीहरूले रकम लिइरहेका छन्। काठमाडौंको माइतीघर मण्डलस्थित अन्नपूर्ण न्युरोमा उपचार गराएर डिस्चार्ज भएका दीपेन्द्र बस्नेत थप उपचारका लागि तिलगंगामा पुग्दा शुल्क तिर्नुपर्‍यो। अन्नपूर्णमै फलोअपका लागि जाँदा औषधिको मूल्य तिर्नुपर्‍यो। दोस्रो, उपचारका क्रममा पछि फिर्ता आउने भनेर अस्पतालमै बुझाएको शुल्क वा बाहिरबाट औषधि लिनुपर्दा तिरेको शुल्क पनि घाइतेले फिर्ता पाएका छैनन्। जेन-जी सहिद परिवार कल्याणकारी समाजका सचिव रोशन गौतमले आफ्ना छोरा आयुषको उपचारका क्रममा आफ्नोतर्फबाट खर्च भएको डेढ लाख रुपैयाँ अस्पतालले अहिलेसम्म फिर्ता नगरेको बताएका छन्। यस्ता समस्या प्रायः घाइतेको छ। तेस्रो, सरकारले जेन-जी आन्दोलनका घाइतेलाई परिपत्र (कार्ड) दिएको छ। तर त्यसको उपयोगिता स्थापित हुन सकेको छैन। २४ भदौमा घाइते भई ग्वार्कोस्थित बीएन्डबी अस्पतालमा डेढ महिना उपचार गराएर डिस्चार्ज भएका रवि भण्डारीले फलोअपका लागि त्यही अस्पताल जाँदा झन्झट बेहोर्नुपर्‍यो। उनले कार्ड देखाउँदा पनि निःशुल्क उपचार नहुने भनियो। उनले धेरैतिर हारगुहार गरेपछि एक पटक निःशुल्क भयो। तर अर्को पटक आउँदा शुल्क लाग्ने भनिएको छ। डिस्चार्जपछि पुनः उपचारमा आउँदा शुल्क लाग्ने भएकैले घाइते गीता साहलाई छोराले कोठामा राखेका छन्, तर डिस्चार्ज गरेका छैनन्। चौथो, भनसुन गरे निःशुल्क उपचार पाइने, नत्र शुल्क तिर्नुपर्ने बाध्यता छ। खासगरी प्रमुख जिल्ला अधिकारीलाई भनेर सहयोग लिनुपर्ने बाध्यता धेरैको छ। पाँचौं, अन्य खर्च पनि ठूलो छ। सरकारले उपचार खर्च बेहोर्ने भने पनि बाहिरबाट औषधि किन्नुपर्ने, बिरामी र कुरुवाले खानपिन गर्नुपर्ने, कुरुवाले आवतजावत गर्नुपर्ने जस्ता कारणले धेरै खर्च हुने गर्छ। आफन्तका उपचारका लागि मात्रै काठमाडौं आउनेहरूको बसोबासदेखि अन्य व्यवस्थापन पनि जटिल बनेको छ। त्यसले धेरै परिवारमा आर्थिक बोझ थपिएको छ। बिरामीले कहिलेसम्म र कुन प्रक्रियाबाट उपचार पाउने हो, फलोअपमा आउँदा कस्ता प्रक्रिया पूरा गर्नुपर्ने हो, अन्यत्र थप उपचारमा जाँदा शुल्क तिर्नुपर्ने वा नपर्ने प्रस्ट पार्नुपर्छ। कतिपय अस्पतालले फलोअपमा आउने बिरामीबारे सरकारले केही नभनेको बताएका छन्।

**विषादीयुक्त तरकारी र फलफुल सेवनबाट बच्न जनहितमा जारी सन्देश**

**फलफुल तथा तरकारीमा विषादी सजिलै छुट्याउन त गाह्रो हुन्छ। यसको मापन गर्न यन्त्र उपकरणको आवश्यकता पर्छ। तर पनि तरकारी तथा फलफुल किन्दा केही सावधानी अपनाएको खण्डमा विषादीबाट यसरी बच्न सकिन्छ।**

- चिल्लो देखिने तरकारी तथा फलफुललाई बहिष्कार गर्ने।
- आईलिएको जस्तो या किरा फट्याङ्ग्राले खाएको जस्तो किन्ने।
- खोट नभएको भन्दा पनि कतै खोट भएको किन्ने।
- सागपातमा प्वाल परेको जस्तो किन्ने।
- सकभर मौसम अनुसार फल्ने फलफुल र तरकारीको मात्र सेवन गर्ने।
- अर्गानिक र ताजा फलफुल र तरकारी किन्ने।
- विषादी जन्य खाद्यान्नलाई बहिष्कार गर्ने।
- विषादी युक्त फलफुल र तरकारी भान्सामा नै भित्रिएको अवस्थामा।
- सामान्य तरीका भनेको राम्ररी धुने, पखाल्ने नै हो। तर धोइपखाली गर्दा समेत विषादी नजान सक्छ, त्यसैले अधिका मात्रामा रहेको विषादी हटाउन नुनपानिको प्रयोग गर्न सकिन्छ।
- यदि नुनपानि नराख्ने भए सफापानिमा रातभर भिजाउने र विहान राम्रोसँग पखाल्ने गर्‍यो भने धेरै हदसम्म बाहिरी भागमा रहेको विषादी जान्छ। उपभोक्ता आफै सचेत भई आफ्नो स्वास्थ्यको विषादीयुक्त फलफुल र तरकारी खानु पर्छ।

**कृषी ज्ञान केन्द्र महोत्तरी**
**जलेश्वर,महोत्तरी**

# पार्टी सत्तामा ओलीको ह्याट्रिक



नेकपा एमालेको अध्यक्ष पदमा केपी शर्मा ओलीले 'ह्याट्रिक' गरेका छन्। लगातार तेस्रो कार्यकाल पार्टी अध्यक्षमा निर्वाचित हुँदै ओलीले 'ह्याट्रिक' गरेका हुन्। उनी ०७१ साउन यता निरन्तर पार्टी अध्यक्षको जिम्मेवारीमा छन्।

भृकुटीमण्डपमा बिहीबार सम्पन्न ११औँ महाधिवेशनको अन्तिम मतपरिणाम सार्वजनिक हुँदा ओली १ हजार ६६३ मत मतसहित निर्वाचित भए। उनका एकमात्र प्रतिस्पर्धी ईश्वर पोखरेलले जम्मा ५ सय ६४ मत प्राप्त गरे।

२०७१ साल असारमा भृकुटीमण्डपमै भएको नवौँ महाधिवेशनमा ओलीले अध्यक्ष पदमा तत्कालीन महासचिव माधवकुमार नेपाललाई झिनो मतले पराजित गरेका थिए। त्यतिबेला ओली १ हजार ४७ मत प्राप्त गरी विजयी हुँदा नेपालले एक हजार ३ मत पाएका थिए।

२०७८ साल भदौमा एमाले विभाजन भएपछि चितवनको सौराहामा भएको १०औँ महाधिवेशनमा ओलीले सर्वसम्मत अध्यक्ष बन्न चाहे पनि पूर्वउपाध्यक्ष डा. भीम रावलले उम्मेदवारी दिएपछि मतदान प्रक्रियामा जानु परेको थियो। त्यस महाधिवेशनमा ओली एक हजार ८३७ मत ल्याएर विजयी हुँदा रावलले २२३ मत प्राप्त गरेका थिए।

भदौ २३ र २४ गते भएको जेनजी विद्रोहबाट सत्ताच्यूत भएका तत्कालीन प्रधानमन्त्री ओली पार्टीभित्र नेतृत्व हस्तान्तरणको बहस पेचिलो हुँदै गएपछि नियमित महाधिवेशनलाई एक वर्ष अगाडि आयोजना गरेर नेतृत्वमा आफ्नो पकडलाई मजबुत बनाएका हुन्।

**को हुन् ओली ?**

२००८ साल फागुन ११ गते तेह्रथुम जिल्लामा जन्मिएका ओली सामान्य पारिवारिक अवस्थाका थिए। उनका बाबु मोहनप्रसाद ओली ज्योतिषी हुन्। सानै उमेरमा आमा गुमाएका ओली हजुरआमा (राममाया ओली)को छत्रछायामा हुर्किएका थिए।

जेनजी विद्रोहका क्रममा बालकोट निवास ध्वस्त भएपछि उनी अहिले श्रीमती राधिका शाक्यका साथ भक्तपुरको गुन्डुमा बस्दै आएका छन्। ओलीका बुवा मोहनप्रसाद ओली, भाइ जयप्रसाद ओली र भाइबुहारी इन्दिरा ओली झापामा बस्दै आएका छन्। एसएलसीसम्म अध्ययन गरेका ओली नेपाली राजनीतिमा प्रखर वक्ताका रूपमा चिनिन्छिन्। उनी २०७२, २०७४ र २०८१ मा गरी जम्मा चार पटक प्रधानमन्त्री भए। समकालीन राजनीतिका चतुर खेलाडी मानिने ओली आफ्नो रुखो बोलीका कारण बेलाबखत विवादमा आउने गरेका छन्।

**राजनीतिक यात्रा**

२०२३ सालमा मार्क्सवादी अध्ययन दलमा संगठित भई प्रशिक्षण प्राप्त ओली २०२५ सालबाट तत्कालीन नेपाल कम्युनिस्ट पार्टी सम्बद्ध विद्यार्थी फाँटको फ्र्याक्सन कमिटीमा आबद्ध हुँदै नेतृत्व गर्न सफल भए। २०२६ सालमा नेकपाको सदस्यता पाएपछि उनले पार्टीको उपसचिवको जिम्मेवारी बहन गरे।

२०२७ वैशाखमा तत्कालीन नेकपा र पूर्वकोशी प्रान्तीय कमिटीसँग एकीकरण भएको थियो। २०२८ साल वैशाखमा तत्कालीन पूर्वकोशी प्रान्तीय कमिटीबाट नेपाल कम्युनिस्ट पार्टी अलग भएको थियो। २०२९ सालमा तत्कालीन नेकपा झापा आन्दोलन कमिटीको प्रमुखका रूपमा ओलीले जिम्मेवारी बहन गरे। ओली चर्चित झापा विद्रोहका प्रमुख नेतामध्ये एक थिए।

१७ वर्षको उमेरमा वामपन्थी आन्दोलनमा सहभागी भएका ओली २२ वर्ष पूरा नहुँदै १४ वर्ष जेल जीवन बिताउन बाध्य भए। तत्कालीन शासन सत्ताको विरोधमा उत्रिएका उनी पहिलो पटक २०२७ फागुन १६ गते आइतबार झापाबाट गिरफ्तार भए। पहिलो गिरफ्तारमा झापा पुलिस थानामा बसेका उनी २०२७ र २०३० का बिचमा पटक-पटक गरी १० पटकभन्दा बढी गिरफ्तार भएका थिए।

-२०३० असोज २३ गते रौतहटबाट पक्राउ परी जेल जीवन प्रारम्भ।

-पहिलो पटक रौतहटको गौर जेल, गौर थाना, २ दिनमात्र।

-त्यसपछि वीरगञ्ज थाना, वीरगञ्ज जेलमा चलान।

-२०३० मंसिर ८ गते भद्रगोल जेल, काठमाडौँमा चलान।

-३ दिनपछि ११ गते सेन्ट्रल जेल गोलघर चलान।

-२०३० मंसिर ११ देखि २०३२ वैशाख १६ सेन्ट्रल जेल गोलघरमा। त्यसपछि गोलघर बाहिर।

-२०३३ साउनमा नख्खु जेल चलान।

-२०३३ मंसिरमा केन्द्रीय कारागार गोलघरमै।

-२०३६ जेठमा गोलघर बाहिर।

-२०३७ चैतमा पुनः नख्खु जेल चलान।

-२०३९ माघ ३ मा पोखरा जेल चलान।

-२०४२ कात्तिकमा स्याङ्जा जेल चलान।

-२०४३ मंसिर ८ मा हनुमान ढोका जेल चलान।

-०४३ माघ १२ मा भद्रगोल जेल चलान।

-२०४४ असार ११ मा भद्रगोल जेलबाट रिहा।

खुला राजनीतिमा आएपछि ओली २०४७ जेठ १ गते तत्कालीन प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपालको संस्थापक अध्यक्ष भए। उनी २०४९ देखि २०७१ असार मसान्तसम्म नेकपा एमाले स्थायी कमिटी सदस्य भए।

जेलबाट रिहा भएपछि ओलीले निरन्तर पार्टीको राजनीतिक जिम्मेवारी निर्वाह गर्दै आएका छन्। २०४४ पुस २ गतेदेखि धादिङको स्यादुलमा बसेको तत्कालीन नेकपा (माले)को बैठकबाट केन्द्रीय कमिटी सदस्यको जिम्मेवारी हुँदै २०४६ मा तत्कालीन नेकपा (माले) लुम्बिनी अञ्चल प्रमुखको जिम्मेवारी बहन गर्न पुगेका उनले २०४६ सालमा सम्पन्न जनआन्दोलनमा संयुक्त बाममोर्चाका तर्फबाट साविक लुम्बिनी अञ्चलको मोर्चा सम्हालेका थिए।

२०४९ सालमा सम्पन्न नेकपा एमालेको पाँचौं राष्ट्रिय महाधिवेशनबाट पारित जनताको बहुदलीय जनवादी कार्यक्रम निर्माणका सिलसिलामा मदन भण्डारीलाई ओलीले सघाउन अहम् भूमिका निर्वाह गरे।

२०५९ सालमा भएको नेकपा एमालेको सातौँ राष्ट्रिय महाधिवेशनमा कम्युनिस्ट पार्टीको लोकतान्त्रीकरणका सवालमा ओलीले प्रस्तुत गरेको वैचारिक कार्यक्रमिक प्रस्ताव अहिले सबै कम्युनिस्ट तथा अन्य प्रजातान्त्रिक पार्टीहरूले समेत मूल नीतिका रूपमा अवलम्बन गरेको ओली आफैँ दाबी गर्छन्।



# रास्वपाबाट प्रत्यक्षमा उम्मेदवारी दिन चाहने ले समानुपातिकबाट नाम फिर्ता लिन सक्ने




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समानुपातिकतर्फ उम्मेदवार हुन आवदेन दिएका तर प्रत्यक्षतर्फ परिवर्तन गर्न इच्छुकलाई अवसर दिएको छ।

समानुपातिक तर्फको नाम फिर्ता गरी प्रत्यक्षतर्फ आवेदन दिन पुस ५ गतेसम्मका लागि समयावधि तोकिएको छ। परिवर्तन गर्दा शुल्क तिर्नु नपने पार्टी सचिवालय बैठकको निर्णय गरेको छ।

समानुपातिक तर्फ उम्मेदवारका लागि आवेदन दिने केन्द्रीय समितिका सदस्यहरू समानुपातिक उम्मेदवार छनोट प्रक्रियामा सहभागी नहुने निर्णय गरिएको छ।

पार्टी केन्द्रीय विभागलाई निर्वाचन लक्षित गतिविधिमा संलग्न गराउने उद्देश्यले 'निर्वाचन पूर्व तयारी छलफल' आयोजना गरिने भएको छ। पुस ४ गते हुने उक्त छलफलको संयोजन महामन्त्री कविन्द्र बुर्लाकोटीले गर्ने भएका छन्।

सचिवालय बैठकले स्टार्टअप तथा नवप्रवर्तन विभाग प्रमुखमा भुवन केसीलाई मनोनित गर्ने निर्णय गरेको छ।

## डेंगी रोग बाट कसरी बच्ने?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छ:-

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

औरही नगरपालका
नगर कार्यपालिको कार्यालय
औरही,महोत्तरी

# आशाको दियो बनेको छात्रवृत्ति कार्यक्रम:
## बर्दिबासमा स्थलगत अनुगमन

जीवन राज दाहाल

शिक्षाको उज्यालो हरेक घरआँगनसम्म पुगोस् भन्ने अभिप्रायसहित पद्म शमशेर खड्का स्मृति प्रतिष्ठान, बर्दिबासले छात्रवृत्ति परीक्षामा उत्तीर्ण विद्यार्थीहरूको घरदैलोमै पुगेर स्थलगत अनुगमन कार्यलाई तीव्रता दिएको छ। महोत्तरीको बर्दिबास नगर अन्तर्गत हात्तीलेट, ब्यङ्गखाडी, डाँडाटोल तथा बिजलपुरा क्षेत्रसँगै बर्दिबास नगर पालिका-४ माइस्थान क्षेत्रमा समेत घरदैलो अनुगमन कार्य सम्पन्न भइसकेको छ।

प्रतिष्ठानका प्रतिनिधिहरू विद्यार्थीको घरघरमा पुगेर उनीहरूको वास्तविक जीवनपरिस्थितिसँग प्रत्यक्ष साक्षात्कार गरिरहेका छन्। अनुगमनका क्रममा विद्यार्थीहरूको पारिवारिक पृष्ठभूमि, आर्थिक अवस्था, जीवनस्तर तथा शैक्षिक आवश्यकताहरूलाई नजिकबाट अवलोकन गरिँदै छात्रवृत्ति कार्यक्रमलाई अझ न्यायोचित, पारदर्शी र प्रभावकारी बनाउने प्रयास गरिएको छ। यस छात्रवृत्ति कार्यक्रम



अन्तर्गत छनोटमा परेका विद्यार्थीहरूले कक्षा ११ र १२ सम्म निशुल्क शिक्षा प्राप्त गर्ने सुनिश्चित व्यवस्था गरिएको छ।

प्रतिकूल आर्थिक अवस्थाबीच पनि अध्ययनप्रति दृढ लगाव र उत्कृष्टता देखाएका विद्यार्थीहरूलाई उच्च शिक्षातर्फ उन्मुख गराउने उदात्त उद्देश्यसहित प्रतिष्ठानका अध्यक्ष विष्णु बहादुर खड्काले आफ्ना स्वर्गीय आमाबुवाको स्मृतिमा यस प्रतिष्ठानको स्थापना गरेका हुन्।

मानवीय संवेदना, सामाजिक उत्तरदायित्व र शैक्षिक समानताको भाव बोकेको यो पहलले बर्दिवासका विपन्न परिवारका विद्यार्थीहरूका लागि आशाको दियो बनेर उज्यालो फैलाउनेछ।

## VACANCY ANNOUNCEMENT!!!

### Urgent Requirement

**Position:** Area Sales Representative (ASR)

**Number of Vacancy(ies):** 1

**Qualification:** SLC Passed / +2 Completed

**Experience:** Freshers are encouraged to apply or 1–2 years in ISP Internet Sector

**Contract of Employment:** Full-time

**Job Location:** Bardibas, Mahottari

**Salary:** As per company policy

### Skills and Knowledge:

1. Excellent sales and negotiation skills.
2. Good planning and organizational skills.
3. Strong interpersonal and communication skills.
4. Demonstrable and successful sales track record.

For further Details contact on below mention details

### Vianet Communication Ltd.

**To Apply:**

**Send your resume to sonaliroy@vianet.com.np**

**Or call at +977 9801227638**

**Application Deadline: 2025-12-31**

# दुई लाख धरौटी तिरेर रिहा भए हत्याका अभियुक्त मण्डल




● टक नेपाल

सप्तरीको राजगढ गाउँपालिकामा भएको हत्या घटनाका एक जना अभियुक्त दुई लाख रुपैयाँ धरौटी तिरेर रिहा भएका छन् । गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलसहित ७ जना अभियुक्तमध्ये तत्कालीन बेल्ही चपेना गाविस-३ (हाल राजगढ-४) का रामनारायण मण्डल बुधबार सप्तरी जिल्ला अदालतमा हाजिर भएका थिए ।

बुधबार र बिहीबार सुनुवाइ हुँदा न्यायाधीश महेन्द्रबहादुर थापा क्षेत्रीको एकल इजलासले रामनारायणलाई दुई लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको हो ।

बिहीबारै उनी धरौटी बुझाएर रिहा भएको अदालतका सूचना अधिकारी उमेशकुमार अर्यालले बताए । ३ साउन २०५५ मा तत्कालीन बेल्ही चपेना गाविस-३ स्थित रामजानकी मन्दिरका पुजारी जन्त्रीदास बैरागीको हत्या भएको घटनामा १५ वैशाख ०७८ मा उनीहरुविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो ।

३० वैशाख ०७९ मा अभियुक्तमध्येका ओमप्रकाश स्थानीय तह निर्वाचनमा नेकपा एमालेबाट अध्यक्षमा पदमा निर्वाचित भएपछि त्यसको झण्डै १० महिनामा सो मुद्दा मुलतबीमा राखिएको थियो । अदालतबाट जारी म्यादभित्र हाजिर हुन नआएको र प्रहरीले पनि पक्राउ नगरेपछि अदालतका न्यायाधीश हेमन्त रावलको इजलासले १४ फागुन ०७९ मा सो मुद्दा मुलतबीमा राखेको थियो ।

सो मुद्दाका अभियुक्त रामनारायण अदालतमा हाजिर भएर रिहा हुँदा पनि गाउँपालिका अध्यक्ष ओमप्रकाशसहित उनका बुवा तत्कालीन बेल्ही चपेना गाविसका अध्यक्ष गंगाराम मण्डल, सोही ठाउँका रामदेव सदा मुसहर, मनिक शर्मा, बौकाई भनिने बच्चा यादव र भोलिचन सदा मुसहर अझै फरार छन् । अभियोगपत्रअनुसार अध्यक्ष ओमप्रकाशकै बुवा गंगारामले मन्दिरको ११ बिघा जग्गाको धान मन्दिरलाई दिन नमान्दा विवाद भएको थियो ।

# जनकपुरधाम उपमहानगरपालिकाले नियम पालन नगर्नेलाई कारवाही गर्ने !

● टक नेपाल

जनकपुरधाम उपमहानगर पालिकाले ट्राफिक नियम पालन गर्ने सवारी साधनलाई कारवाही गर्ने चेतावनी दिइएको छ ।

उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयले बुधबार एक प्रेस विज्ञप्ति जारी गरी ई-रिक्सा चालकबाट हुने दुर्व्यवहार, तोकिएकोभन्दा बढी भाडा असुली, जथाभावी पार्किङ तथा यात्रु चढाउने-ओराल्ने क्रममा ट्राफिक नियम उल्लङ्घन हुने गर्ने गरेको गुनासो आइरहेकाले उपमहानगरको नियम पालन नगर्ने कारवाही गर्ने भनेको छ ।

अव्यवस्थित ई-रिक्सा सञ्चालनका कारण ट्राफिक अस्तव्यस्त हुनुका साथै सवारी दुर्घटनाको जोखिम बढेको र पैदलयात्रीसमेत प्रभावित भएको निष्कर्षसहित उपमहानगरपालिकाले ई-रिक्सा चालक तथा नगर वासीलाई सहकार्य गर्न आग्रह गरेको छ । यस्ता गतिविधिका कारण सर्वसाधारण, पैदलयात्री, आन्तरिक तथा बाह्य पर्यटक, सुरक्षाकर्मी र नगरवासीले पटकपटक गुनासो तथा ध्यानाकर्षण गराउँदै आएको उपमहानगरपालिकाले जनाएको छ ।

विज्ञप्तिमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार टेम्पो, अटो-रिक्सा तथा ई-रिक्सा जस्ता सवारी साधनको कर निर्धारण, दर्ता, अनुमति तथा नियमन गर्ने अधिकार स्थानीय तहमा निहित रहेको स्पष्ट पारिएको छ । सोही कानुनी प्रावधानका आधारमा जनकपुरधाम उपमहानगरपालिकाले ई-रिक्सा दर्ता प्रक्रिया सुरु गरिसकेको र आगामी दिनमा सञ्चालन अनुमति तथा नियमनलाई थप प्रभावकारी बनाइने जानकारी दिइएको छ ।

ई-रिक्सा व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन यसअघि विभिन्न सरोकारवाला निकायसँग पटकपटक छलफल तथा बैठक भएको उल्लेख गर्दै उपमहानगरपालिकाले नगर क्षेत्रभित्र ई-रिक्साको चाप घटाउने र निश्चित मापदण्डअनुसार सञ्चालन गर्ने निर्णय भएको जनाएको छ । यसले ट्राफिक व्यवस्थापन सहज हुने, दुर्घटनाको जोखिम घट्ने र नगरको समग्र सौन्दर्यमा सुधार आउने विश्वासमा छ ।

यता नगरभित्र संचालन गर्न दिनुपर्ने भन्दै यातायात व्यवस्था कार्यालयमा दर्ता भएको ई रिक्सा चालकहरु गत दुई दिनदेखि आन्दोलनमा छन् । उनीहरुले आफू कानून बमोजिम दर्ता भएपनि जनकपुरधाम उपमहानगर पालिकाले नगरभित्र संचालन गर्न नदिएको भनी आक्रोशित बनेका छन् ।

उपमहानगरपालिका भित्र हजारौको संख्यामा ई–रिक्सा संचालन भइरहेको कारण ट्राफिक व्यवस्थापनमा निकै



समस्या उत्पन्न भइरहेको छ । अत्यधिक संख्यामा ई–रिक्सा भएको कारण नगरभित्र अन्य सवारी साधन मात्र होइन पैदल यात्रीलाई समेत समस्या हुँदै आएको छ । आन्दोलनको क्रममा बुधवार ई रिक्सा चालकहरुले अन्य ई रिक्साबाट पैसेन्जर उतारेर तिनीहरुलाई पनि बलजफ्ती आन्दोलनमा सहभागी गराएका थिए ।

ई–रिक्सा संचालनका लागि चालकलाई तालिमको अभाव, स्टोपेज र पार्क अभावमा जनकपुरधाम नगरभित्र ट्राफिक अव्यवस्थापनले गर्दा दिनहुँ दुर्घटना भइरहेको दृष्टिगत गर्दै उपमहानगरपालिकाले ई-रिक्सालाई व्यवस्थित बनाउन नियमन गर्ने तयारी गरेको छ ।

सात दलीय गठबन्धनको सहमति अनुसार विश्वासको मत अघि नै प्रत्येक दलबाट एक/एक जना बनाउने भनिएकोमा सोमवार बेलुका लोसपा नेपालबाट रानी शर्मा तिवारीलाई शिक्षा तथा संस्कृति मन्त्रालय, माओवादी केन्द्रबाट जवाहरलाल कुशवाहालाई ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रीमा नियुक्ति गरिएको थियो ।


## बर्दिवास साना शहरी खानेपानी तथा सर-सफाई उपभोक्ता संस्था

बर्दिवास, महोत्तरी

### साधारणसभा सम्बन्धि सूचना

*सूचना प्रकाशित मिति : २०८२/०८/२१ गते*

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८२ साल मंसिर ६ गते शनिवार बसेको साधारण सभाको भेलामा गणपुरक संख्या नपुग भएकोले मिति २०८२ साल मंसिर २० गते दोस्रो पटक बोलाईएकोले उक्त सभामा समेत गणपुरक संख्या पूर्ण नभएको जानकारी गराउँदछौं । तसर्थ संस्थाको विधान अनुसार यस संस्थाको सातौं वार्षिक साधारणसभा तेस्रो पटक मिति २०८२ साल पौष ५ गते शनिवार तपसिलको समय तथा स्थानमा हुने भएकोले अवगत गराउँदछौं । यसै सूचनालाई आधारमानी सम्पूर्ण उपभोक्ता ज्यूहरु उपस्थित भई दिन हुन् अनुरोध गर्दछौं ।

(***नोटः*** सम्पूर्ण उपभभोक्ता ज्यूहरुले आ-आफ्नो धाराको बिल र परिचय खुल्ने कागजात लिएर आउनुहुन अनुरोध छ ।)

**तपशिल**

**साधारणसभा हुने मिति :** २०८२ साल पौष ५ गते शनिवार

**स्थान :** संस्थाको मुख्य कार्यालय बर्दिवास न.पा., वडा नं. १, महोत्तरी (रातु खोला छेउमा)

**समय :** बिहान ११ बजे

**प्रस्तावहरु :**

**१. अध्यक्षद्वारा संस्थाको प्रगति प्रतिवेदन तथा आगामी कार्य योजना छलफल तथा अनुमोदन सम्बन्धमा,**
**२. आर्थिक वर्ष २०८०/०८१ र ०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा,**
**३. आर्थिक प्रशासन नीति, उपभोक्त कार्यविधि, निर्वाचन कार्यविधि, मानव संसाधन नीति सम्बन्धमा,**
**४. संस्थाको विधान संशोधन सम्बन्धमा,**
**५. आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आम्दानी तथा खर्च सम्बन्धमा ।**

**अध्यक्ष**



Pan No. 121584733
DDA No. 3780432055942

# खुशी मेडिकल हल

9705446882, 9705446883

# औषधी पसल

बर्दिवास-२, महोत्तरी

यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसमाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिवास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014